Training-Production

# बुटवल टेक्निकल इन्स्टिच्यूट
**Butwal Technical Institute**
**Butwal - Nepal**
[Estd. 1963]

## कार्यस्थलमा आधारित निःशुल्क आवासीय तालिम सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८२/१०/१४)**

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम "बुटवल टेक्निकल इन्स्टिच्यूट (BTI) मार्फत निजी क्षेत्र समेतको सहभागितामा कार्यस्थलमा आधारित तालिम" देहाय बमोजिम निःशुल्क आवासीय रुपमा बि.टि.आई. (BTI),बुटवलमा संचालन हुने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले मिति २०८२/१०/२८ गतेसम्म आवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। आवेदन फाराम लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको वेबसाईट www.mscipc.gov.np मा रहेको *तालिम अनलाईन आवेदन* पोर्टलमा लगईन गरी अनलाइन पेस गर्न सकिनेछ। साथै BTI बुटवलमा स्वयंम उपस्थित भै आवेदन फाराम पेश गर्न सकिनेछ। अन्य थप जानकारी वा आवेदन भर्दा कुनै समस्या परेमा ९७४१६६३६५८ वा ९८४७०४५३९१ मा सम्पर्क गर्न सकिनेछ। म्याद नाघी आएका र रीत नपुगेका आवेदन उपर कुनै कारवाही गरिने छैन।

**देहाय**

**निःशुल्क र आवासीय सुविधा सहितको तालिम**

| क्र.सं. | तालिम कार्यक्रम | संख्या | अन्तरवार्ता हुने मिति | तालिम शुरु हुने मिति | आवेदन फाराम पाईने र पेश गर्ने स्थान |
|---|---|---|---|---|---|
| १. | विल्डिङ इलेक्ट्रिसियन प्लम्बिङ सहित, | २० जना | पछि प्रकाशित गरिनेछ | पछि प्रकाशित गरिनेछ | बुटवल टेक्निकल इन्स्टिच्यूट, बुटवल ४, अडहफ्टन पथ, रुपन्देही Ph No. 071-5 30 133 Mo.No. 9847045391 अनलाइन आवेदन पेश गर्ने पोर्टल : www.apply.mscipc.gov.np |
| २. | इण्डष्ट्रियल इलेक्ट्रिसियन | २० जना | | | |
| ३. | मेकानिक फिटर | २० जना | | | |
| ४. | लेथ सेटर अप्रेटर | २० जना | | | |
| ५. | जुनियर वेल्डिङ टेक्निसियन | २० जना | | | |
| ६. | अटोक्याड (गैर आवासिय) | २० जना | | | |

<u>न्यूनतम योग्यता</u>

१. नेपाली नागरिक हुनुपर्ने। २.उमेर १६ वर्ष पुगेको र ४५ वर्ष ननाघेको। ३. सामान्य लेख पढ गर्न सक्ने।
४. शारीरिक रुपमा तन्दुरुस्त हुनुपर्ने। ५. अटोक्याड तालिमको हकमा ८ कक्षा उत्तीर्ण भएको।

विस्तृत जानकारी आवश्यक परेमा www.mcsipc.gov.np वा www.bti.org.np बाट समेत लिन सकिनेछ।

## तालिम सम्बन्धी थप विवरण

१. अटोक्याड बाहेक अन्य पाँचवटा विषयका तालिमहरु ३ महिने (३९० घण्टा) आवासीय सहित र थप १(एक) महिना OJT गरी कुल ४ (चार) महिना संचालन हुनेछन्।

२. अटोक्याड विषयको तालिमको हकमा २(दुई) महिना दिनको २ घण्टा बिहान मात्र कक्षा संचालन हुनेछ र थप २(दुई) महिना पुरै OJT गरी कुल ४ (चार) महिना संचालन हुनेछ। यो तालिममा आवासीय सुविधा हुने छैन।

३. प्रशिक्षार्थीलाई तालिममा सहभागी भएवापत कुनै शुल्क लाग्ने छैन ।

४. प्रशिक्षार्थीमा हुनुपर्ने योग्यता:- नेपाली नागरिक, १६ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने, साधारण लेखपढ गर्न सक्ने।

५. अटोक्याड तालिमको हकमा ८ कक्षा उत्तीर्ण गरेको हुनुपर्ने।

६. स्वयम उपस्थित भएर तालिम सम्बन्धित कागजात सहितको आवेदन पेश गर्ने सुविधा BTI बुटवलमा मात्र हुनेछ।

७. आवेदन फारम BTI बुटवलमा मात्र उपलब्ध हुनेछ। अनलाइन आवेदनको हकमा लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको www.apply.mcsipc.gov.np मा रहेको तालिम अनलाइन आवेदन पोर्टलमा Account खोल्नुपर्नेछ।

८. <u>अनलाइन निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

क) नेपाली नागरिकताको प्रमाणपत्र

ख) पासपोर्ट साईजको फोटो

ग) शैक्षिक योग्यताको प्रमाणपत्र

घ) लक्षित समूहमा पर्ने भएमा खुल्ने कागजात

ङ) कागजातहरुको **<u>इमेज फाइल (png, jpg वा jpeg)</u>** फर्मेटमा अनलाइन आवेदनसँगै पेश गर्नुपर्नेछ।

९. योग्यता पुगेको आवेदकले पेश गरेका कागजातको आधारमा बुटवल टेक्निकल इन्स्टिच्यूट (BTI) बाट तालिममा सहभागी हुने प्रशिक्षार्थीहरुको छनोट गरिनेछ।

१०. तालिम सञ्चालन हुने समयावधि एवम् स्थानको जानकारी छनौट भएका आवेदकलाई वेबसाइट www.mcsipc.gov.np वा www.bti.org.np मार्फत् सूचना प्रकाशित गरी जानकारी गराइनेछ।

११. म्यादभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही हुने छैन।


१२. दरखास्त पेश गर्नुपर्ने अन्तिम मितिः- **२०८२।१०।२८** गतेभित्र (कार्यालय समयमा)।

१३. अनलाइन आवेदनमा पेश गर्नुपर्ने विवरण एवम् कागजातहरु नभरेको/प्राप्त नभएको वा स्पष्ट नभएको कारण आवेदन रद्द हुन सक्ने भएकोले आवेदकले आवेदन पेश गर्नुभन्दा पहिले राम्ररी रुजु गर्नुपर्नेछ।

१४. अनलाइन पोर्टलमा दरखास्त पेश गर्ने तरिका:-

क) इन्टरनेट तथा स्पिकर भएको कम्प्युटर (मोवाइल प्रयोग गर्न मिल्ने भएपनि सम्भव भएसम्म कम्प्युटर नै प्रयोग गर्नु होला) मा वेभ ब्राउजर खोलेर बेवसाईट www.mcsipc.gov.np मा गएर **"तालिम अनलाइन आवेदन"** मा Click गर्ने।

ख) तपाईको कम्प्युटरमा निम्न बमोजिमको window देखिनेछ।




(ग) तपाईको कम्प्युटरमा माथि तस्वीरमा देखिएको Window मा "User guide" वा युट्युव (youtube) को बटनमा "Click" गरेपछि युट्युव भिडियो खुल्नेछ।

(घ) उक्त युटयुव भिडियोले तपाईलाई अनलाईन फारम पेश गर्ने सबै तरिकाहरु सिकाउने छ।

(ङ) युटयुव भिडियोले दिएको जानकारी र यो सूचनामा रहेको बिवरणमा केही फरक परेमा यो सूचनाको विवरण नै मान्य हुनेछ ।

(च) थप जानकारीका लागि ९७४१६६३६५८ वा ९८४७०४५३९१ मा सम्पर्क गर्न सकिनेछ।

१५. लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रबाट अफलाइन आवेदन भर्न र पेश गर्न पाइने छैन।

-------------------------